# सिटी अफ बिभरटन कम्युनिटी गार्डनका मार्गनिर्देशनहरू

1. **कम्युनिटी गार्डन (सामुदायिक करेसाबारी) हरूलाई वर्षैभरि चिटिक्क देखिने गरी सफा राख्नुपर्छ । सबै गार्डनरहरूले गार्डनलाई ऋतु अनुसारको झल्को दिने गरी हुर्काउनु पर्दछ ।**
   a. बालीहरू हुर्कने ऋतु (अप्रिल – अक्टोबरसम्म) मा देहायका कामहरू गरेर तपाईंले आफ्नो प्लटको प्रयोग गर्दै हुनुहुन्छ भनेर देखाउनुहोस्:
      - बिउ/बिरुवा रोप्नका लागि माटो तयार गर्ने ।
      - बाली लगाउने र हुर्काउने ।
      - फरल भिल्याउने ।
      - खास गरी फूलहरूमा वा बिउ उम्रदै गर्दा देखिने झारपातहरूलाई हटाउने ।
   b. बेमौसममा (नोभेम्बर – मार्चसम्म) देहायका कार्यहरू गरेर आफ्नो गार्डनको प्लटको रेखदेख गर्नुहोस्:
      - मरेका वा मर्दै गरेका बिरुवाहरूलाई हटाउने ।
      - माटो मलिलो बनाउन कुहिन लागेका घाँसपातले छोप्ने वा जमिनको उत्पादकत्व वृद्धि गर्ने वा भू–संरक्षण गर्ने बाली लगाउने ।
      - गोलभेडाका लागि तारजाली, टेको वा कट्टेरो लगायतका मौसमी संरचनाहरूलाई राम्रोसँग मिलाउनुहोस् ।
      - खास गरी फूलहरूमा वा बिउ उम्रदै गर्दा देखिने झारपातहरू हटाउने ।
   c. बसन्त ऋतुको तयारी (Spring Getting Started) र शरद ऋतुको सफाइ (Fall Clean Up) तोकिएको समयसीमा भित्रै पूरा गर्ने ।
      - बसन्त ऋतुको तयारी (Spring Getting Started) को अन्तिम समयसीमा मे 15 हो । प्लटमा झारपात हटाइएको र बिउ/बिरुवा रोपिएको लगायतका काम हुँदैछ भनेर देखाउने संकेतहरू देखिनुपर्छ ।
      - शरद ऋतुको सफाइ (Fall Clean Up) को अन्तिम समयसीमा अक्टोबर 31 हो । मरेका र मर्दै गरेका सबै बिरुवाहरू अनिवार्य रूपमा हटाउनुपर्छ र प्लटलाई जाडो अनुकूल (विन्टराइज्ड) गराउनुपर्छ र सामग्रीहरूलाई मिलाएर राख्नुपर्छ ।
   d. प्लटसँग जोडिएका बाटोहरूलाई सही सलामत राख्ने जिम्मेवारी गार्डनरहरूको हो ।
      - तपाईंको प्लटसँग जोडिएका बाटोहरू 3 फिट चौडा राख्नुहोस् ।
      - झारपातहरूलाई बाटोबाट र यदि तपाईंको प्लट बारसँग जोडिएको भएमा त्यसको किनारबाट हटाउनुहोस् ।
      - बाटोसँगसँगै काठका ससाना टुक्राहरू राख्नुहोस् ।
      - बिरुवाहरूलाई आफ्नो प्लटको सीमाभित्रै राख्नुहोस् ।
   e. टेका वा झेक्रा जस्ता अस्थायी बागबानी संरचनाहरू राख्ने अनुमति छ तर तिनीहरूले अनिवार्य रूपमा देहायका मापदण्डहरू पूरा गरेको हुनुपर्छ:
      - बाटो सामुदायिक स्थान वा नजिकका प्लटहरूलाई अतिक्रमण गर्ने खालको हुनुहुँदैन ।
      - अन्य प्लटको घाम नछेकोस् भन्नका लागि घाम नछेक्ने संरचना बनाउनुपर्छ ।
      - प्लटलाई खाली गर्दा सबै संरचनाहरूलाई हटाउनुपर्छ ।
      - बार तटस्थ/प्राकृतिक रङको र राम्रोसँग मर्मत–सम्भार गरिएको हुनुपर्छ ।

2. **आफ्नो कम्युनिटी गार्डनलाई प्रति वर्ष न्यूनतम छ घण्टा काम गर्नुहोस् र काम गरेको समयलाई रेकर्डमा चढाउनुहोस् । जून 30 सम्ममा तीन घण्टा पूरा गरिनुपर्छ र नोभेम्बर 15 सम्ममा पूरै छ घण्टा पूरा गरिनुपर्छ ।**
      - तपाईंले सेवा गर्ने भनेर प्रतिबद्धता जनाउनुभएको घण्टाको गणना हुने कार्यहरूको सूचीका लागि आफ्नो गार्डन स्टेवार्डसँग

सम्पर्क गर्नुहोस् ।

- यदि आफ्नो अपाङ्गता वा निजी कारणहरूले गर्द तपाईंले कामगर्ने घण्टा पुर्‍याउन सक्नुहुन्न भने विशेष कारणवश यसमा छुटको अनुरोध गर्न सिटी गार्डन स्टाफसँग सम्पर्क गर्नुहोस् ।

**3. सिटी अफ बिभरटनले गार्डनहरूमा फोहरमैला व्यवस्थापनको सेवा उपलब्ध गराउँदैन । आफ्नो फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी गार्डनर स्वयंको हुनेछ ।**

- सामग्रीहरूलाई आफ्नो प्लटको भित्र वा बाहिर नथुपार्नुहोस् ।
- सबै फोहोरमैलाहरूलाई घर लिएर जानुपर्छ ।
- तपाईंका लागि गार्डनको पातपतिङ्गर बोक्न रोल–कार्टहरू मध्य–बसन्त (मिड–स्प्रिङ) देखि शरदको सफाइसम्म प्रयोगका लागि उपलब्ध छन् । कृपया यी कार्टहरूको प्रयोग गार्डनको पातपतिङ्गरका लागि मात्र गर्नुहोस् – अन्य फोहोर, प्लास्टिक, मैला, माटो वा ढुङ्गाका लागि होइन ।
- गार्डनरहरूले आफ्नो प्लटमा कम्पोस्ट गर्न (मल बनाउन) सक्नेछन् तर त्यसलाई अनिवार्य रूपमा कायम राख्नुपर्छ – भन्नुको मतलब हरेक हप्ता फर्काउने र किराहरू लागेका छन् की भनेर जाँच गर्ने ।

**4. अर्ग्यानिक बागबानी अनिवार्य गरिनुपर्छ ।**

- Organic Materials Review Institute (OMRI) को उत्पादन सूची, www.omri.org मा सूचीकृत भएका बाहेकका कृत्रिम झारनाशक (हर्बिसाइड) तथा/वा कीटनाशक (पेस्टीसाइड) हरूको प्रयोग गर्न निषेध छ ।
- नि:शुल्क प्राकृतिक बागबानी ब्रोसर तथा सहायता उपलब्ध छन्; थप जानकारीका लागि कम्युनिटी गार्डन प्रोग्रामलाई gardenmail@BeavertonOregon.gov वा 503-526-2665 मा सम्पर्क गर्नुहोस् ।

**5. सिँचाइ**

- सिँचाइ गर्दा गार्डनरहरू आफ्नो प्लटमा उपस्थित हुनैपर्छ ।
- स्वचालित सिँचाइ वा टाइमरहरूको प्रयोग गर्ने अनुमति छैन ।
- पानीको संरक्षणमा मद्दत पुर्याउनका लागि सिँचाइ कार्य बिहान 10 बजे भन्दा पहिले वा साँझ 6 बजे पछि गर्नुहोस् ।
- धारा वा होजहरूमा कुनै चुहावट देख्नुभएमा कृपया प्रोग्राम स्टाफ वा तपाईंको गार्डन स्टेवार्डलाई खबर गर्नुहोस् ।
- पानी अप्रिल 1 बाट आउन सुरु गरेर नोभेम्बर 15 बाट बन्द हुन्छ ।

**6. निषेधित बोटबिरुवाहरू**

- बोटबिरुवाहरूलाई व्यक्तिगत वा दान दिने प्रयोजनका लागि मात्र प्रयोग गर्न सकिनेछ, व्यापारिक प्रयोगका लागि होइन ।
- रुखहरू हुनु हुँदैन ।
- तीव्र रूपमा फैलिने बिरुवाहरू हुनु हुँदैन ।
- भाँडामा रोप्ने बाहेकको पुदिना हुनु हुँदैन ।
- सङ्घीय कानुनले रोक लगाएका बिरुवाहरू हुनु हुँदैन ।

**7. मुसा/लोखर्के तथा टोक्ने किराहरूलाई आफ्नो गार्डनमा गुँड बनाउन नदिनुहोस् ।**

- पातपतिङ्गरको थुप्रोलाई हटाउनुहोस् र कम्पोस्टको थुप्रोलाई नियमित रूपमा पल्टाउनुहोस् । आफ्नो गार्डन कम्पोस्टका लागि आफ्नो प्लटबाट निस्किएको तरकारीजन्य सामग्रीहरू मात्र थप गर्नुहोस्; घरबाट अन्न वा मासुहरू ल्याएर त्यसको प्रयोग कदापि नगर्नुहोस ।

- फसल भित्र्याउनुहोस् र तिनका स्रोत (बोट तथा रूखहरू) हटाउनुहोस् ।
- जम्मा भएको पानीलाई हटाउनुहोस् ।
- चराचुरुङ्गी वा लोखर्केहरूलाई नखुवाउनुहोस् । चराचुरुङ्गी/लोखर्केले मुसाहरूलाई आकर्षित गर्छ ।
- गार्डनमा रोडेन्टीसाइड (मुसा मार्ने विष) हरूको प्रयोग गर्ने अनुमति छैन ।

**8. प्लट अर्कालाई स्थानान्तरण गर्न पाइँदैन ।**

- एउटा घर बराबर एउटा प्लटको सीम तोकिएको छ ।
- यदि गार्डनरलाई आफ्नो प्लट छाड्न पर्ने भएमा उनीहरूले अनिवार्य रूपमा कम्युनिटी गार्डन प्रोग्रामलाई gardenmail@BeavertonOregon.gov वा 503-526-2665 मा सम्पर्क गर्नुपर्छ ।

**9. धुम्रपान निषेध नीति**

- सुर्तीजन्य पदार्थको प्रयोग सिटीको आफ्नै वा लिजमा लिएको सम्पत्तिहरूका साथसाथै सिटीले प्रायोजित गरेको समारोह वा स्थलहरूमा निषेध गरिएको छ ।
- सबैका लागि सुरक्षित, स्वस्थ तथा स्वागतयोग्य वातावरणको सुनिश्चिता गर्न सबै बिभरटन कम्युनिटी गार्डनहरूमा सुर्तीजन्य पदार्थहरूको प्रयोग निषेध गरिएको छ ।

**गार्डनरको जवाफदेहिता तथा नीतिको कार्यान्वयन**

गार्डन मार्गनिर्देशनहरूको पालना गर्ने र समयसीमाहरू भित्रमा सबै कामहरू पूरा गर्ने जिम्मेवारी गार्डनरहरूको हो । स्टाफ तथा स्वयंसेवक गार्डन स्टेवार्डहरूले वर्षैभरि नियमित रूपमा प्लटको अनुगमन गर्नेछन् । यदि गार्डनरले गार्डन मार्गनिर्देशनहरूको पालना गरेका छैनन्/छैनिन् भने स्टाफले उनीहरूलाई रिमाइन्डर पठाउने छन्/छिन् ।

- यदि मुख्य गार्डन ऋतु (अप्रिल – अक्टोबरसम्म) मा गार्डनलाई त्यसै छाडेको देखिएमा गार्डन स्टाफले प्लट धारकलाई सम्पर्क गर्नेछन्/छिन् । जवाफ फर्काउन र बागबानीको काम सुरु गर्न प्लट धारकसँग दुई हप्ताको समय रहनेछ । यदि दुई हप्तासम्म पनि कुनै कार्य सुरू गरिएन भने प्लट अरूलाई दिइनेछ ।
- नोटिसहरूमा समस्याहरूको विवरण र गर्नुपर्ने कार्यको मिति समावेश हुनेछ ।
- गार्डन ऋतुमा कुनै पनि कारणवश तीनवटा सूचना प्राप्त गर्ने गार्डनरको प्लट फिर्ता लिइनेछ र प्लट अरूलाई दिइनेछ ।
- सूचना प्राप्त गरेका गार्डनरलाई आफ्नो प्लट आफैँसँग राख्नका लागि गार्डनसम्बन्धी योजना बनाउन प्रोग्राम स्टाफसँग सम्पर्क राख्न प्रोत्साहन गरिन्छ ।

*मार्गनिर्देशनहरू नेपाली तथा स्पेनिश भाषाहरूमा उपलब्ध छन् । यसको प्रति माग गर्न वा अन्य भाषामा अनुवादका लागि अनुरोध गर्न कृपया gardenmail@BeavertonOregon.gov मा जानुहोस् वा 503-526-2665 मा फोन गर्नुहोस् ।